२०८३ साल जेठ २१ गते तदनुसार Jun 4, 2026 बिहिवार बैठकमा पेश भएका कार्यसुचीहरु :

१. सरकारी जग्गा एकिन गर्ने सम्बन्धमा।
२. विषयगत समिति बैठक सम्बन्धमा ।
३. आ.व. २०८३/०८४ को बजेट तर्जुमा सम्बन्धमा ।
४. करार सेवामा पदपूर्ती सम्बन्धमा ।
५. कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
६. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
७. स्वर्णान्तराल आ.वि.को शौचालय(VO)स्वीकृत गर्ने सम्बन्धमा ।
८. खेलमैदान जग्गा सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

CamScanner

**बैठकका निर्णयहरू:**

**निर्णय नं.१:** भूमि प्रशासन कार्यालय ओखलढुंगाको च.नं.१२७३ मिति २०८३/०२/०१ को पत्रबाट यस गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने सरकारी जग्गाको विवरण अवगत गरी उक्त विवरण अनुसारको सरकारी जग्गाहरू अतिक्रमण भएको /गरिएको जग्गाहरू खाली गर्न गराउन ३५ दिने सुचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं.२:** यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण विषयगत समितिहरूको बैठक यस पश्चात प्रकाशित हुने तालिका अनुसार बस्ने निर्णय गरियो।

**निर्णय नं.३:** आ.व. २०८३/०८४ को बजेट तर्जुमा यथासिघ्र प्रकाशित हुने तालिका अनुसार गर्ने निर्णय गरियो।

**निर्णय नं.४:** यस गाउँपालिकाको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा स्थानीय ईन्जिनियरिङ्ग सेवा,सिभिल समुह,सब-ईन्जिनियर(पाँचौ तह) पद रिक्त भएकाले उक्त पदमा सेवा करारमा पदपूर्ति गर्ने निर्णय गरियो।

**निर्णय नं.५:**

क. चालु आ.व. २०८२/०८३ को संघीय सरकार शशर्त अनुदान अन्तर्गतका माटो स्वास्थ्य सुधार कार्यक्रम बजेट शिर्षकबाट भकारो सुधार कार्यक्रम प्राविधिक स्टिमेट,मुल्याङ्कन अनुसार अधिकतम प्रति धुरी बढीमा रू ३००००।– लागत साझेदारीमा गर्ने र मध्य पाहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम बजेट शिर्षकबाट विउविजन वितरण पश्चात बाँकी भएको रकमबाट कार्यविधिमा उल्लेख भए वमोजिम कम्बाईन मिल खरिद गरी कृषकलाई वितरण गर्ने निर्णय गरियो।साथै गाउँपालिकाबाट विनियोजित बुद्दिमान गभिमाया प्रतिष्ठान बजेट शिर्षकबाट उक्त प्रतिष्ठानको कार्यालय व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो।

ख. चालु आ.व.को कृषि पशु कार्यक्रम अन्तर्गत २०८३/०१/१५ गते प्रकाशित सूचना अनुसार बंगुर फार्महरूलाई अनुदान कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धि सार्वजानिक सूचना प्रकाशन अन्तर्गत पेश बएका आवेदक फर्महरू मध्येबाट पशु सेवा शाखाको सिफारिस बमोजिम तपसिल अनुसार अनुदान रकम कार्यविधि अनुसार छनौट तथा रकम बाँडफाड गर्ने निर्णय गरियो।

तपसिल:

| | | |
|---|---|---|
| १.माया बंगुर तथा बाखा फर्म साथै तरकारी खेती | मानेभन्ज्याङ-७ | (रू १५००००) |
| २.न्यू चौतारी कृषि तथा पशुपंन्छी फर्म | मानेभन्ज्याङ-४ | (रू २०००००) |
| ३.चित्रा एकिकृत कृषि तथा पशुपंन्छी फर्म | मानेभन्ज्याङ-१ | (रू ८००००) |
| ४.डि.बि बहुउदेशिय कृषि तथा पशुपंन्छी फर्म | मानेभन्ज्याङ-३ | (रू ९००००) |
| ५.अनुसा कृषि तथा पशुपंन्छी फर्म | मानेभन्ज्याङ-५ | (रू ८००००) |

CS CamScanner

ग. चालु आ.व. मा गाउँपालिकाबाट विनियोजित सहकारी भवन फिनिसिङ्ग वडा नं. ३ शिर्षकमा विनियोजित बजेट यस पछि हुने गाउँसभाबाट अनुमोदन गराउने गरी पब्लिक कपास तथा कफि प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

घ. चालु आ.व.को हिउँदे गाउँसभाबाट दुधकौशिका आ.वि. शौचालय निर्माण शिर्षकमा विनियोजित रू २०००००।- रकम दुधकौशिका आ.वि. शौचालय मर्मत र भवन रङ्ग रोगनमा खर्च गर्ने निर्णय गरियो।

ङ. चालु आ.व. मा गाउँपालिकाबाट विनियोजित धँगेरीघारी खचापु सडक निर्माण अधुरो शिर्षकमा विनियोजित रू ४००००००।– र वडास्तरीय कानूनी सचेतना कार्यक्रम(न्यायीक समिति) शिर्षकमा विनियोजित रु ३०००००।–बजेटलाई व्याकुल माईला खेल मैदान तारजाली घेराबार तथा मञ्च निर्माण कार्यक्रममा खर्च गर्ने निर्णय गरियो।

च. चालु आ.व.को हिउँदे गाउँसभाबाट छत्रे विधुत लाइन विस्तार वडा नं. ६ शिर्षकमा विनियोजित रू ५००००।- रकम मितेरी भन्ज्याङ थाक्ले सडक बत्ती लाईन विस्तार कार्यक्रममा खर्च गर्ने निर्णय गरियो।

<u>निर्णय नं.६:</u> मिति २०८३/०२/०७ गते बसेको गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

<u>निर्णय नं.७:</u> श्री स्वर्णान्तराल आ.वि.को भवन मानेभन्ज्याङ गाउँपालिका र नेपाल भारत विकास सहयोग अन्तर्गत ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ गाउँपालिकाको वडा नं.७ मा अंकुर देवती बजै जे.भी काठमाडौंसँग मिति २०८१/१२/२५ गते ठेक्का नं. MRM/NCB/SPSBC/10/081/082 सम्झौता गरी निर्माण कार्य भईरहेको र सो विधालयलाई आवश्यक शौचालय भवन निर्माणको VO(Variation Order) आवश्यक स्रोत शुनिश्चता गरी स्वीकृत गर्ने निर्णय गरियो।

<u>निर्णय नं.८:</u>

क. चालु आ.व. मा प्रदेश सरकारबाट हस्तान्तरित शशर्त बजेट शिर्षक केत्तुके माडी खेलमैदान मानेभन्ज्याङ-४,केत्तुके कार्यन्वयन गर्न जगगा धनी साविक माधवपुर गा.वि.स वडा नं.७ त्यसपछि केत्तुके गा.वि.स वडा नं. ३ हाल मानेभन्ज्याङ गाउँपालिका वडा नं. ४ निवासी श्री पाले तामाङको नाती श्री बहादुर तामाङको छोरा मृतक मनि लाल तामाङको नाममा रहेको साविक माधवपुर गा.वि.स वडा नं.७ को कित्ता नं. ६५३ को क्षेत्रफल ११-११-१-१ पां.चा. जग्गा दिन मन्जुरीनामा गरिसकेको तर तत्काल जग्गा रजिष्ट्रेशन गर्न नसक्ने भएकाले उक्त जग्गामा पछि मन्जुरिनामा अनुसार जग्गा प्राप्त गर्ने गरी खेलमैदान निर्माणको लागि योजना सम्झौता गर्ने निर्णय गरियो।

ख. चालु आ.व. मा प्रदेश सरकारबाट हस्तान्तरित शशर्त बजेट शिर्षक व्याकुल माइला खेल मैदान मानेभन्ज्याङ -६,ओखलढुंगा सम्बन्धित वडाको सिफारिस अनुसार सार्वजानिक जग्गा भएकोले निर्माण अनुमति तथा योजना सम्झौता गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं.९:**

क. मानेभन्ज्याङ गाउँपालिकाको आ.व.२०८२/०८३ मा हिउँदे गाउँसभाबाट वाम्बुले राई भाषाको मौलिक गीत निर्माण आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट रू ५००००।- बाट उक्त कार्य गर्न मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३ स्थायी निवासी वाम्बुले राई भाषा,कला,संस्कृति तथा गित संगितमा नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने सर्जक श्री ईन्द्र बहादुर राईलाई यस सम्वन्धि आवश्यक कार्य समपन्न गर्नको लागि निजको मिति २०८३/०२/२१ मा यस कार्यालयमा पेश गर्नु भएको अनुमति मागको निवेदन अनुसार निजलाई अनुमति दिने निर्णय गरियो।

ख. गाउँपालिकाबाट विनियोजित चालु आ.व.को आर्थिक सामाजिक सहायता शिर्षकबाट प्रचलित कार्यविधि अनुसार गरिने भुक्तानीलाई कार्यपालिबाट अनुमोदन गर्नेगरी सहायता रकम प्रदान गर्ने निर्णय गरियो।

ग. चालु आ.व.को हिउँदे गाउँसभाबाट विनियोजित फुसको छानो वडा नं. ६,सोक्माटार शिर्षकमा विनियोजित रकम श्री हिम सागर राई(वडा नं.६) लाई र फुसको छानो वडा नं. ६ आरूवोट शिर्षकमा विनियोजित बजेट रकम श्री तुल बहादुर आले र यम बहादुर आले( दुबै वडा नं.६) लाई जनही पचास पचास हजार सहायता रकम प्रदान गर्ने निर्णय गरियो।

घ. चालु आ.व.को हिउँदे गाउँसभाबाट विनियोजित मुटुरोगीलाई आर्थिक सहायता शिर्षकबाट श्री राम कुमार गौतम वडा नं.७ र श्री मान बहादुर अधिकारी वडा नं. ९ लाई जनही पच्चिस पच्चिस हजार सहायता रकम प्रदान गर्ने निर्णय गरियो।

ङ. चालु आ.व. मा विनियोजित केत्तुके स्वास्थ्य चौकी भवन निर्माणको रकम भुक्तानी गर्ने सम्वन्धमा वडावाट आमभेला गरी मुचुल्का उठाइसकेको र बाँकी प्रकृया जारी रहेकोले अर्को कार्यपालिकाबाट आवश्यक निर्णय गर्ने गंरी पेश गर्ने निर्णय गरियो।

CamScanner